गण्डकी प्रदेश सरकार

## कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# कृषि ज्ञान केन्द्र, स्याङ्जा

**आ.व. २०८२/८३ मा कृषि ज्ञान केन्द्र, स्याङ्जामार्फत सञ्चालन हुने कार्यक्रमका लागि आवेदन प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

**(प्रथम पटक प्रकाशित सूचनाः मिति २०८२/०५/१९)**

कृषि ज्ञान केन्द्र, स्याङ्जाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यक्रमहरु सञ्चालन गर्न प्रस्ताव पेश गर्न चाहने स्याङ्जा जिल्ला भित्रका ईच्छुक विभिन्न कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले सूचना प्रकाशन भएको **मितिले ३० दिन** भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु समेत संलग्न गरी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | कार्यक्रमको नाम | अनुदान प्रतिशत बढीमा | कार्यक्रमको लक्ष्य | बजेट (रु.लाख) | छनौटका न्यूनतम आधार (अनुसरण गर्नुपर्ने मापदण्ड) (मापदण्डहरु molmac.gandaki.gov.np मा गई डाउनलोड गरी हेर्न सक्नुहुनेछ) |
|---|---|---|---|---|---|
| **१** | **फलफूलबाली सम्बन्धि कार्यक्रम** | | | | |
| १.१ | फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम | ५०-९० | १० हे. | १५ | कृषि फर्म/कम्पनीको हकमा कम्तीमा ३ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई न्युनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। (फलफूल विकास सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| १.२ | फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम | ५०-९० | १५ हे. | ९ | कृषि फर्म/कम्पनीको हकमा कम्तीमा ३ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई न्युनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। (फलफूल विकास सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| १.३ | सुन्तलाजात फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम | ५०-९० | ५ हे. | ७.५ | कृषि फर्म/कम्पनीको हकमा कम्तीमा ३ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई न्युनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। (फलफूल विकास सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| १.४ | सुन्तलाजात फलफूल बगैंचा सुदृढीकरण सहयोग कार्यक्रम | ५०-९० | ७५ हे. | ४५ | कृषि फर्म/कम्पनीको हकमा कम्तीमा ३ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई न्यूनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। (फलफूल विकास सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| २ | **व्यावसायिक तरकारी खेती सहयोग कार्यक्रम** | ५० | १ पटक | २५ | कृषि फर्म/कम्पनी मार्फत खुल्ला जमिनमा २ रोपनी क्षेत्रफल वा संरक्षित संरचना भित्र १४० वर्ग मि. क्षेत्रफल र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई खुल्ला जमिनमा १० रोपनी वा संरक्षित संरचनाभित्र १००० वर्ग मि. क्षेत्रफलमा खेती गर्नुपर्नेछ। (व्यावसायिक तरकारी खेती सहयोग कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ३ | **खाधान्नबाली उत्पादन प्रवर्द्धन कार्यक्रम** | ५०-९० | ३५ हे. | ३५ | कृषक समूह/कृषि सहकारीद्वारा कम्तीमा १० घरधुरी संलग्न भई एकमुष्ठ कम्तीमा १०० रोपनी क्षेत्रफल र संलग्न प्रत्येक घरधुरीले कम्तीमा ३ रोपनीमा खेती गर्नुपर्नेछ। (खाद्यान्नबाली प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ४ | **आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम** | ५०-७५ | ६ हे. | ९ | खाधान्नबाली, तरकारी बाली, आलु, तेलहन र दलहन बालीको कलष्टरमा बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। (बीउ उत्पादन प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| **५** | **समुदाय लक्षित खाद्य सुरक्षा कार्यक्रम** | | | | |
| ५.१ | रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम | ५०-९० | २ पटक | १० | कृषक समूह/सहकारीको हकमा कम्तीमा ७ घरधुरी संलग्न भई कम्तीमा ३० रोपनीका साथै संलग्न प्रत्येक घरधुरीले कम्तीमा २ रोपनीमा खेती गर्नुपर्नेछ। कृषि फर्म/कम्पनीको हकमा कम्तीमा १० रोपनी र व्यक्तिगत कृषकको हकमा एकै कलष्टरमा कम्तीमा ५ रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। (रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ५.२ | सामुदायिक बीउ बैंक/रैथाने बाली सम्बन्धि कार्यक्रम | ९० | २ पटक | १० | यो कार्यक्रम कृषक समूह तथा कृषि सहकारीको साझेदारीमा सञ्चालन गरिनेछ। (सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन कार्यक्रम सम्बन्धि मापदण्ड, २०७७) |
| ५.३ | ग्रामीण पोषण सुरक्षण कार्यक्रम | ९० | २ पटक | १० | कम्तीमा २५ घरधुरी संलग्न भई खाध तथा पोषण सुरक्षा सुनिश्चितताको लागि कार्यक्रम सञ्चालन गर्नुपर्नेछ तर पहिलेदेखि आधुनिक मौरीपालन, व्यवसायिक तरकारी तथा फलफूल खेती, पशुपालन गर्दै आएका, प्लास्टिक घर निर्माण गरेका घरधुरीहरु कलष्टरमा समावेश हुन पाउने छैनन्। (ग्रामीण पोषण सुरक्षण कार्यक्रम सञ्चालन मापदण्ड, २०७८) |
| ६ | **कृषि उद्यम प्रवर्द्धन कार्यक्रम** | ५० | ११ संख्या | ५५ | कृषि उपजको ग्रेडिङ, लेबलिङ, प्याकिङ तथा प्रशोधन सम्बन्धि कार्यका लागि कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन्। (कृषि उद्यम विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | **निर्यातजन्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रम** | ५०-९० | ४ पटक | २० | मुख्यता कफी, अलैंची, चिया, मह, अदुवा, बेसार, अकबरे खुर्सानी आदि उत्पादन तथा बजारीकरणका लागि कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन्। (निर्यातयोग्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ८ | **जलवायुमैत्री प्रविधि प्रवर्द्धन कार्यक्रम** | | | | |
| ८.१ | जलवायुमैत्री कृषि प्रविधि प्रवर्द्धन कार्यक्रम | ५०-९० | २ पटक | १० | जलवायुमैत्री कृषि प्रवर्द्धन सम्बन्धि विशेष कार्यक्रम सञ्चालन गर्न ईच्छुक कृषक समूह/कृषि सहकारीहरूले मात्र आवेदन दिन पाउनेछन्। (जलवायुमैत्री प्रविधि प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ८.२ | ग्रामीण कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम | ५०-९० | २ संख्या | १० | ग्रामीण क्षेत्रमा सञ्चालनमा रहेका होमस्टे, फार्मस्टे, रैथाने कृषि उपज प्रवर्द्धन गर्ने होटल, सामुदायिक पाहुना घर रहेको वडाका कृषि फर्म, कृषक समूह/कृषि सहकारीमार्फत आवेदन दिन सक्नेछन्। आवेदकले होमस्टे, फार्मस्टे, रैथाने कृषि उपज प्रवर्द्धन गर्ने होटल, सामुदायिक पाहुना घरसँग पूर्व खरिद सम्झौता गर्नुपर्नेछ। (जलवायुमैत्री प्रविधि प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ९ | **समुदायस्तरमा प्रशोधनयोग्य आलु उत्पादन प्रवर्द्धन कार्यक्रम** | ५०-९० | ५८ हे. | ७५.४ | कार्यक्रम सञ्चालनका लागि कृषि फर्म/कृषि कम्पनीको हकमा कम्तीमा २० रोपनी र कृषक समूह/कृषि सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई कम्तीमा ३० रोपनीको कलष्टरका साथै समूह/सहकारीमा संलग्न प्रत्येक कृषकले कम्तीमा १ रोपनीमा खेती गर्ने क्षेत्रफल कायम गर्नुपर्नेछ। (आलु उत्पादन प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| १० | **समुदायस्तरमा खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रम** | ५०-९० | ५४ हे. | ७०.२ | कार्यक्रम सञ्चालनका लागि कृषि फर्म/कृषि कम्पनीको हकमा कम्तीमा २० रोपनी र कृषक समूह/कृषि सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई कम्तीमा ३० रोपनीको कलष्टरका साथै समूह/सहकारीमा संलग्न प्रत्येक कृषकले कम्तीमा १ रोपनीमा खेती गर्ने क्षेत्रफल कायम गर्नुपर्नेछ। (आलु उत्पादन प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ११ | **लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रम** | ५०-९० | १ पटक | ४५.५ | कालीगण्डकी कोरिडोरसँग जोडिएका स्थानीय तह (कालीगण्डकी गा.पा., गल्याङ र चापाकोट न.पा.) का कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन्। (लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| १२ | **फलफूल नर्सरी स्थापना तथा सञ्चालन** | ५० | ४ संख्या | २० | कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन्। (फलफूल, तरकारी तथा नगदेबाली बिरुवा नर्सरी/स्रोत केन्द्र स्थापना सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |

## आवश्यक कागजात

- रु. १०/- को हुलाक टिकट टाँस गरेको निवेदन र स्पष्ट रुपले भरिएको प्रस्तावना फारम (सम्बन्धित कार्यक्रमको मापदण्ड वा कृषि ज्ञान केन्द्र, स्याङ्जाको वेबसाइडमा गई प्रस्तावना फारम नामक फाइल डाउनलोड गरी सम्बन्धित कार्यक्रमको प्रस्तावना फारम भर्न सक्नुहुनेछ)।
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि साथै जग्गाधनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौता प्रतिलिपि।
- कार्यक्रमको नाम उल्लेख गरी स्पष्ट रुपमा लेखिएको वडा कार्यालयको सिफारिस पत्र वा सम्बन्धित स्थानीय तहको कृषि शाखाको सिफारिस पत्र।
- फर्म/समूह/संस्था/समिति/कम्पनी वा सहकारीको हकमा दर्ता प्रमाणपत्र तथा प्यानको प्रतिलिपि
  नवीकरण प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व. को कर चुक्ताको प्रमाणपत्र।
- आवेदकलाई सहज भएसम्म अनलाईन आवेदन भरी पठाउन सकिनेछ
  तर आवेदन अनलाईनमार्फत पेश गरेपछि छनौट/सम्झौताको चरणमा रुजु गर्न सक्कल प्रति ल्याउनु पर्नेछ।
  अनलाईन आवेदन फारमको लागि QR Scan गरी Desktop Layout मा भर्नुहोला।

अनलाईन आवेदन फारमको लागि **QR Code**

**पुनश्च: उल्लेखित कार्यक्रमहरुको बजेट सीमा गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धि एकीकृत कार्यविधि, २०८१ र मापदण्डमा भएका व्यवस्था अनुसार सञ्चालन हुनेछ। साथै, उल्लेखित मिति भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदकहरु उपर कुनै प्रक्रिया अघि बढाइने छैन्। कार्यक्रमको म्याद थप हुने भएमा पुनः सूचना गरिने छ।**


**Website**: www.syangja.akc.gov.np

**इमेल** : akcsyangja@gmail.com

**सम्पर्क नम्बर** :०६३-४२४१३०, ०६३-४२५१९९, ९८५६०५०५९९(गुनासो सुन्ने अधिकारी), ९८५६००५६१८(सूचना अधिकारी)


विनोद हमाल
प्रमुख
अधिकृतस्तर दशौं